म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २३८ | मंगलबार, १ बैशाख २०८३ | ने. सं. ११४६ चौलागा | 14 April 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को

पावन अवसरमा हाम्रा समस्त पाठकवृन्द, विज्ञापनदाता, वितरक, कर्मचारी एवम् शुभेच्छुकहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । नयाँ वर्षको अवसरमा बिदा परेकाले **हाम्रो अर्को अंक वैशाख ३ गते प्रकाशन हुने** जानकारी गराउँदछौं ।

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**परिवार, हेटौंडा-१ चौकीटोल**

### पत्रकारको हकहितलाई मुख्य एजेण्डा बनाउँदै महासंघको १७ बुँदे हेटौंडा घोषणापत्र सार्वजनिक

# हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने आग्रह

मनिल महतो

हेटौंडा, ३० चैत/प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारका हकहितलाई मुख्य एजेन्डा बनाउँदै नेपाल पत्रकार महासंघले १७ बुँदे 'हेटौंडा घोषणापत्र २०८२' जारी गरेको छ ।

यही चैत २८ र २९ गते हेटौंडामा सम्पन्न महासंघको केन्द्रीय समितिको चौथो पूर्णबैठकबाट हेटौंडा घोषणापत्र जारी गरेको हो । घोषणापत्रमार्फत् महासंघले प्रेस स्वतन्त्रता, सञ्चारक्षेत्रको आर्थिक सुरक्षा, श्रमजीवी पत्रकारको अधिकार, सरकारी विज्ञापन वितरण प्रणाली, सामाजिक सुरक्षा, लोकतान्त्रिक मूल्य र सञ्चारक्षेत्रको दीगो विकासका विषयलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ । स्थानीय विकास र पर्यटन प्रवर्द्धनका विषय पनि घोषणापत्रमा समेटिएका छन् । मकवानपुरगढी, सहिद स्मारक पार्कलगायत मकवानपुरका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्न सरकारसँग माग गरिएको छ ।

राष्ट्रिय गौरवको आयोजना फास्ट ट्र्याक निर्माणकार्यलाई तीव्रतादिन तथा हेटौंडा कपडा उद्योगसहित औद्योगिक क्षेत्रका बन्द उद्योग पुनःसञ्चालन गरी रोजगारी सिर्जना गर्न महासंघले आग्रह गरेको छ । घोषणापत्रमा संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता तथा पूर्ण प्रेस स्वतन्त्रताको रक्षा, प्रवर्द्धन र कार्यान्वयन महासंघको प्रमुख दायित्व रहेको उल्लेख गरिएको छ । लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, उत्तरदायी शासन प्रणाली तथा नागरिक अधिकारको सुदृढीकरणमा स्वतन्त्र प्रेसको भूमिका अपरिहार्य हुने भन्दै महासंघले यस्ता मूल्यको रक्षामा आफू सदैव दृढ रहने जनाएको छ ।



सञ्चारक्षेत्रको नियमन, सञ्चालन र दीगो व्यवस्थापनका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था निर्माणमा सहकार्य गर्न तयार रहेको महासचिव रामप्रसाद दाहालले बताएका छन् तर, संविधान संशोधन, सञ्चार सम्बन्धी नीति तथा कानुन निर्माणका क्रममा संविधानको भावना, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, लोकतान्त्रिक मान्यता र प्रेस स्वतन्त्रताको मूल मर्मविपरीत निर्णय भए सशक्त खबर दारी गर्ने चेतावनी पनि महासंघले दिएको छ । सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने सरकारको निर्णयलाई महासंघले गम्भीर आपत्तिजनक, असंवैधानिक र अव्यावहारिक भनेको छ ।

यस्तो नीतिले निजी तथा सामुदायिक सञ्चारमाध्यम आर्थिकरुपमा कमजोर बन्ने, स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना हुने र अप्रत्यक्ष सेन्सरशिप बढ्ने महासंघको ठहर छ । महासंघले देशभर सञ्चालनमा रहेका रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन सञ्चार माध्यमको आर्थिक आधार कमजोर पार्ने नीतिले हजारौं पत्रकार, सञ्चारकर्मी, प्राविधिक तथा कर्मचारीको रोजगारी संकटमा पर्ने चेतावनी दिएको छ । दूरदराजका क्षेत्रमा सञ्चालित स्वरोजगारमूलक साना सञ्चार माध्यम बन्द हुने अवस्था आए स्थानीय तहसम्म सूचनाप्रवाह कमजोर भई नागरिकको सूचनाको अधिकारसमेत प्रभावित हुने बताइएको छ ।

महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी, समानुपातिक र न्यायोचित बनाउन सरकारसँग माग गरेको छ । निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यमलाई समान अवसर प्रदान गर्दै मापदण्डका आधारमा विज्ञापन वितरण गर्नुपर्ने महासचिव दाहालले बताए । घोषणापत्रमार्फत् प्रेस स्वतन्त्रता कुण्ठित गर्ने गरी ल्याइएको सरकारी नीतिबारे कानुन विद्हरुसँग छलफल गर्ने, पेशागत संगठनको सञ्जाल (पापड)सँग सहकार्य गर्ने र संविधान विपरीतको नीति अस्वीकार गर्ने उल्लेख गरिएको छ । सिंहदरबारमा पत्रकार प्रवेशमा रहेको कडाईलाई हटाई सूचना तथा समाचार संकलनमा सहजता ल्याउने पनि सरकारसँग आग्रह गरिएको छ ।

श्रमजीवी पत्रकारका समस्यालाई पनि महासंघले प्राथमिकताका साथ उठाएको छ । आर्थिक संकटको बहानामा पत्रकार लाई नियमित पारिश्रमिक नदिने, तलब कटौती गर्ने, सेवासुविधा घटाउने, अपमानजनक व्यवहार गर्ने र निष्कासनसम्मका घटना बढ्दै गएको भन्दै महासंघले यस्ता प्रवृत्तिप्रति गम्भीर असन्तुष्टि जनाएको छ । सञ्चार संस्थाहरुले पत्रकारलाई नियमित तलब उपलब्ध गराउन, बाँकी बक्यौता तत्काल भुक्तानी गर्न तथा श्रमअधिकारको पूर्णपालना गर्न महासंघले आग्रह गरेको छ । महासंघले सबै सञ्चारगृहलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई श्रमजीवी पत्रकारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सरकारसँग माग गरेको छ ।

पत्रकारको न्यूनतम पारिश्रमिक पुनरावलोकन गरी वृद्धि गर्न तथा त्यसलाई कानुनीरुपमा कार्यान्वयन गराउन आवश्यक व्यवस्था गर्नुपर्नेमा जोड दिएको छ । श्रमजीवी पत्रकार लाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने राष्ट्रिय अभियान सञ्चालन गर्ने प्रतिबद्धता पनि महासंघले व्यक्त गरेको छ । प्रत्येक सञ्चार प्रतिष्ठानले लोककल्याणकारी विज्ञापन तथा नाफाको रकमबाट श्रमजीवी पत्रकारको हकहितको लागि कल्यणकारी कोष बनाउनुपर्ने कानुनी व्यवस्था कार्यान्वयन गर्ने सर्वोच्च अदालतको फैसलालाई स्वागत गर्ने महासंघले निर्णय गरेको छ ।

घोषणापत्रमा डिजिटल मिडियाको बढ्दो प्रभावलाई ध्यानमा राख्दै युट्युब लगायत नयाँ सञ्चार प्लेटफर्मलाई आचारसंहिताभित्र ल्याउन र जिम्मेवार पत्रकारिताको मूलप्रवाहमा जोड्न सरकारलाई आग्रह गरिएको छ । डिजिटल माध्यमको विकाससँगै देखापरेका चुनौतीलाई सम्बोधन गर्न स्पष्ट कानुनी ढाँचा र प्रभावकारी नियमन आवश्यक रहेको महासंघको धारणा छ । स्वरोजगारमूलक सञ्चारकर्मी, स्वतन्त्र पत्रकार र साना डिजिटल मिडियाको विकास तथा उत्थानका लागि विशेष योजना ल्याउन पनि महासंघले तीन तहका सरकारको ध्यानाकर्षण गराएको छ ।

सूचनाप्रविधिमा आधारित नयाँ अवसर सिर्जना गर्दै युवालाई सञ्चारक्षेत्रमा आकर्षित गर्न दीर्घकालीन योजना आवश्यक रहेको घोषणापत्रमा उल्लेख छ । महासंघले जलवायु संकटका असर न्यूनीकरणका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ । वातावरण, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र दिगो विकासका विषयमा सञ्चारक्षेत्रको भूमिकालाई अझ सशक्त बनाउनुपर्ने पनि घोषणापत्रमा उल्लेख गरिएको छ ।

रिपब्लिका मिडिया र एभिन्युज टेलिभिजन व्यवस्थापनसँग भएका पूर्वसम्झौता कार्यान्वयन गर्न महासंघले पुनः आग्रह गरेको छ । ती संस्थामा देखिएका श्रम समस्या समाधानका लागि शाखामार्फत दबाबमूलक अभियान सञ्चालन गरिने महासंघले जनाएको छ ।

घोषणापत्रमा महासंघका संगठनात्मक गतिविधिको समयतालिका सार्वजनिक गरिएको छ । जिल्ला शाखाको साधारणसभा २०८३ जेठ १० सम्म, प्रदेश समितिको साधारणसभा २०८३ जेठ ३१ सम्म, केन्द्रीय साधारणसभा असोज महिनामा तथा राष्ट्रिय सम्मेलन २०८३ जेठ महिनामा गर्ने निर्णय गरिएको छ । यसले महासंघको संगठन सुदृढीकरण र लोकतान्त्रिक अभ्यासलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

महासंघले मकवानपुर शाखा र स्थानीय सरोकारवालालाई बैठकको सफल व्यवस्थापन तथा आतिथ्यका लागि धन्यवाद ज्ञापन गर्दै हेटौंडा घोषणापत्र सार्वजनिक गरेको हो । घोषणापत्रमार्फत महासंघले प्रेस स्वतन्त्रता, नागरिक अधिकार र पत्रकारका पेशागत हकहितको रक्षाका लागि आफ्नो अभियान निरन्तर जारी रहने स्पष्ट सन्देश दिएको छ ।

# ७५ जनाको आँखाको शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ मकवानपुरको बागमती गाउँपालिकामा सञ्चालन भएको निशुल्क आँखा शिविर सम्पन्न भएको छ । गाउँपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा शिविर सञ्चालन भएको हो ।

शिविरअन्तर्गत चैत २३ गतेदेखि २७ गतेसम्म आँखापरीक्षण गर्दा मोतिविन्दु पहिचान भएका ७५ जनाको चैत २८ गते आँखाको शल्यक्रिया गरिएको हो । वडा नम्बर ५, कोइराला दमारस्थित सहिदस्मृति अस्पतालमा शल्यक्रियापछि २९ गते डा. सुनिल थकालीको आग्रहमा गाउँपालिका अध्यक्ष सर्केश घलान सहितको टिमले बिरामीको आँखाको पट्टी खोली उनीहरुको अवस्था अवलोकन गरेका थिए । पट्टी खोल्ने क्रममा अधिकांश बिरामीले पुनः स्पष्टरुपमा देख्न सकेपछि खुशी व्यक्त गरेका थिए ।

अध्यक्ष घलानले शिविर तथा शल्यक्रियामा सहभागी बिरामी, उपचारमा खटिनुभएका चिकित्सक टोली, व्यवस्थापनमा संलग्न कर्मचारी तथा स्वास्थ्य शाखाका सम्पूर्ण जनशक्तिलाई धन्यवाद व्यक्त गरे । उनले संघीयताको मर्मअनुसार गाउँपालिकाले स्थानीय तहमै गुणस्तरीय सेवाप्रवाह गर्दै 'सिंहदरबार गाउँमै आएको अनुभूति' दिलाउने गरी काम गरिरहेको बताए । अध्यक्ष घलानले गाउँघरमा अझै पनि मोतियाबिन्दुको अपरेशन गर्दा झन् बिग्रन्छ भन्ने भ्रम रहेको उल्लेख गर्दै त्यस्ता गलत धारणा त्याग्न सबैमा आग्रह गरे ।

शिविरले आर्थिकरुपमा कमजोर तथा भौगोलिकरुपमा विकटताका कारण उपचारबाट वञ्चित बिरामीलाई प्रत्यक्ष लाभ पुऱ्याएको छ । निशुल्क उपचार, खानबस्न र घर फर्किने व्यवस्था मिलाइएपछि विशेषगरी ज्येष्ठनागरिक अत्यन्तै खुशी देखिएका थिए । समापन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत ओम बहादुर दर्जी, सामाजिक विकास संयोजक कमानसिंह पाख्रिन, वडा नम्बर ५ का अध्यक्ष विजयकुमार भोलन, स्वास्थ्य शाखाप्रमुख दिनेश गुप्तालगायत व्यक्तित्वको उपस्थिति रहेको थियो ।

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को

अवसरमा सम्पूर्ण कर्मचारी, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. शिवराम श्रेष्ठ

एवम्

**विशाल ब्लक उद्योग, परिवार**

हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को

सुखद उपलक्ष्यमा सम्पूर्ण नगरबासी सहयोगी, शुभचिन्तक, शुभेच्छुक एवम् समस्त देशवासीमा सुख, शान्ति र समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सविन न्यौपाने

(१ नं. वडा अध्यक्ष/प्रवक्ता)

**हेटौंडा उपमहानगरपालिका**

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को

शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समितिका पदाधिकारी, कर्मचारी एवम् सहकारीकर्मीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार**

पालुङ्ग, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को

अवसरमा समस्त नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को

अवसरमा सम्पूर्ण ग्रहकवर्ग, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. शितल न्यौपाने

एवम्

**शितल कलेक्शन, परिवार**

हेटौंडा-२, पल्पसारोड

साझाकुरा

## हाम्रो कुरा

# शुभ होस् नयाँवर्ष २०८३

आज फेरि घरघरका भित्तामा नयाँ क्यालेन्डर फेरिएको छ । आजबाट नयाँवर्ष २०८३ सुरु भएको छ । भर्खरै देशमा निर्वाचन सम्पन्न भएर नयाँ सरकार बनेको छ र नयाँ सरकारले काम गर्न सुरु गरेको छ । नयाँवर्षलाई त्यसै पनि हामी धेरै महत्व दिन्छौं । खुशी र उमङ्ग यसै जोडिएर आउँछ नयाँ वर्षसँग । नयाँ वर्ष-शुभकामनाको ओइरो लाग्छ । नयाँ वर्षको शुभकामना दिन व्यक्तिगत भेटघाट नै गर्नुपर्ने कि शुभकामना कार्ड छापेर बाँड्नु पर्ने युग थियो कुनै बेला । प्रविधिले धेरै बदलाव ल्याएको छ । अब बिगतको त्यो युग बाँकी रहेन । सबैको हतकेलामा नअटाउने मोवाइल छ । डाइरेक्ट कलदेखि म्यासेजसम्म अनेक अप्सन छन् । अझ सशक्त बनेको छ सामाजिक सञ्जाल । सामाजिक सञ्जालमा शुभकामनाका ओइरो लाग्ने गरेको छ । मुलुकका उच्चपदस्थले सदाझैं सार्वजनिक शुभकामना विज्ञप्ति जारी गरि रहेका छन् । अरु सम्वत्को भन्दा दुर्लभ छ हाम्रो नयाँवर्ष । वसन्तु ऋतुमा आउने नयाँवर्ष संसारभरिको बसन्त हाम्रो जस्तै हुन्छ भन्न सकिँदैन । तर, हाम्रो वसन्त ऋतुका कयौं खास विशेषता छन् । बोटविरुवामा नयाँ पालुवा पलाउँछन् । कयौं फूलहरु फक्रिएर हाँस्छन् ।

ठूला चाडपर्वको घञ्चमञ्च हुँदैन, अतिरिक्त खर्चका अन्य पाटा यतिखेर कमै आउँछन् । नयाँवर्षको उल्लासमा आर्थिक सहजता थपिदिन्छन् । शुभकामना औपचारिकता मात्र होइनन् । त्यो हृदयदेखिको सद्भाव पनि हो । कटुता बिर्सन र नयाँ सम्बन्ध नयाँ आयामबाट सुरुवात गर्न सहज हुन्छ नयाँवर्षमा । नयाँवर्षको शुभकामना सन्देशसँग यति ठूलो शक्ति हुन्छ कि त्यसले वर्षौं पुरानो शत्रुता बिर्साइदिनसक्छ । सभ्यता र संस्कृति, विनम्रता र सहृदयता वा ह्याप्पीनेस इन्डेक्समा गरिब छैनौं हामी । हामी नेपालीले बढो गज्जबको एक मानक बनाएका छौं विश्वमा गरिबी, बेथिति, भ्रष्टाचार, कुशासन, बेरोजगारी र अल्पआयस्तरमा बाँचेर पनि हामी खुशी देखिएका छौं । खुशी हुनसक्ने हाम्रो स्वभाव, हाम्रो ताकत बढो विचित्रको छ । यस्तो खुशी कति अर्थपूर्ण छ वा छैन ? त्यो भिन्नै कुरा । कम्तिमा हामी प्रतिव्यक्ति आयको तुलनामा खुशी सूचकमा निक्कै राम्रो स्थानमा छौं । भलै नेपालीको थाप्लोमा ९६ हजार रुपैयाँ ऋण पुगेको होस् तर, पनि हामी ह्याप्पी छौं । हामीलाई खुशीहुन भौतिक सम्पतिले होइन, हाम्रा सम्पदा र संस्कृतिले मद्दत गरेको छ । हाम्रो खुशीको एउटा आधार बसन्तको उल्लासमय वातावरणमा आउने नयाँवर्ष पनि हुनसक्छ । यसै अवसरमा बाँडिने असीमित शुभकामना सन्देश पनि होला । नयाँवर्षमा हामी शुभकामना मात्र बाँड्दैनौं । केही सपना पनि देख्छौं । नयाँवर्षदेखि चिया छोड्ने, सुर्तीजन्य वस्तु सेवान गर्न छोड्ने, मदिराजन्य बस्तु सेवन गर्न छोड्ने, बिहानीको समयमा योग, ध्यान गर्ने, मर्निङवाक गर्ने जस्ता प्रतिज्ञा पनि हामी गरिरहेका हुन्छौं । तर, एकसाता पछि त्यो प्रतिज्ञामा टिक्न हामीलाई हम्मेहम्मे किन नहोस् । यद्यपी हामीले हरकेक नयाँवर्षमा प्रतिज्ञा गर्न भने छोड्दैनौं । केही समीक्षा गर्छौं । केही योजना बनाउँछौं । केही संकल्प गर्छौं ।

नयाँवर्षले हामीलाई नयाँ इच्छाशक्ति जागृत गर्ने अवसर दिन्छ । भित्ताको क्यालेन्डर वा दराजमामा राखिएको पात्रो फेरिनु कुनै ठूलो कुरा हुँदैहोइन । ठूलो कुरा हो, हाम्रो सपनामा नयाँ आयाम थपिनु । फेरिएको क्यालेन्डरसँगै उमेरको गणना हामी गर्दैनौं, बितेको जीवनलाई फर्किएर हेर्दैनौं, फरक यत्तिमात्र हो । हामी जन्मदा पनि नाङ्गै जन्मेका थियौं र मरेपछि पनि हामीले लगाएको कपडा खोलेर मात्र जलाउँछन् । त्यो पनि हामीले देख्न सक्दैनौं । तर, हामी आफ्नो जीन्दगीका लागि अरुलाई दु:खपीडा दिएर, झुट्टा आश्वासन दिएर, अरुलाई रुवाएर दैनिकी चलाइरहेका हुन्छौं । हामी सम्बेदनशील हुनुपर्ने कुरा यत्तिमात्रै हो । बाँकी सबैले आआफ्नो दु:खसुखमा रमाएकै छन् । हामीलाई हाम्रा अगुवा नेताहरुले यति धेरै सपना देखाइदिए कि अबका दिनमा देख्ने बाँकी ठाउँ नै रहेन । हामीले अधिक ठूला सपना देख्यौं, सपना बाँड्यौं, सपना बेच्यौं । नयाँवर्षले सपना देखाउने, बाँड्ने र सपना बेच्ने काम बन्द गरोस् । नयाँ सरकार ५ वर्षसम्म टिकोस् । सबै नागरिकको चुलोमा नयाँ सरकारको प्रत्याभूत देखियोस् । हामी आफ्नो गक्षअनुसारको सपना देखौं । नयाँवर्ष सबैका लागि मंगलमय बनोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ बैशाख २ गते बुधबार १५ अप्रिल २०२६ । त्रयोदशी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:४२ सूर्यास्त ६:२८ । अन्तर्राष्ट्रिय आरोग्य दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाू कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# राजनीतिक दलले हुर्काइरहेको मनोरोगी समाज



✍ अमृता लम्साल

हालसालै एउटा इरोटिक साइकोलोजिकल थ्रिलर सिनेमा, 'द हाउसमेड' हेर्न पुगें (यसो भन्नुको कारण, आजकल दिमागलाई तनाव दिने खालको सिनेमा हेर्न मन लाग्दैनह खोजी नगरी हेरियो) । धेरै दिनसम्म त्यो चलचित्रमा देखाइएका पीडादायक दृश्यहरूले मनलाई विचलित गर इरह्यो । विषय, महिलामाथि गरिएको हिंसा नै थियो । हिंसा गर्ने पुरुष, समाजमा भलाद्मी, दु:ख पाएका महिलाहरूलाई सहयोग गर्ने, हँसिलो व्यक्तित्व भएको, सबैले मन पराउने छविभित्र लुकेको थियो । फ्रिडा म्याकफ्याडेनद्वारा सन् २०२२ मा लेखिएको पुस्तकमा आधारित कथालाई पल फेगले निर्देशन गरेका थिए ।

चलचित्र २ डिसेम्बर २०२५ मा प्रदर्शनमा आएको थियो । उक्त चलचित्रका पुरुष पात्रले आफ्नो घरभित्र आफ्नी श्रीमती र सौतेनी छोरीमाथि कल्पना नै गर्न नसकिने हिंसा गर्छन् र त्यसबाट उनकी श्रीमतीलाई परेको मानसिक असरको फाइदा उठाएर उल्टै श्रीमतीलाई नै 'साइकियाट्रिक बिरामी' का रूपमा चित्रित गरि दिन्छन् । उनको जीवनमा अर्की महिला आउँछिन् र उनलाई पनि त्यस्तै व्यवहार गरिरहेको अवस्थामा उनकी श्रीमती आइपुग्छिन् । पछि दुवै महिला मिलेर ती पुरुषलाई भऱ्याङको माथिल्लो भागबाट खसालिदिन्छन् र उनको मृत्यु हुन्छ । प्रहरीले ती महिलाहरूलाई पक्राउ गरेर लैजान्छ । तर, अनुसन्धानमा खटिएकी प्रहरी पनि आफ्नो जीवनमा पुरुषबाट हुने हिंसाबाट आजित भएकी हुन्छिन् र खसालेर मारेको जान्दाजान्दै पनि खसेर मरेको भनेर अनुसन्धान टुङ्ग्याइदिन्छिन् ।

उक्त चलचित्रको सन्दर्भ आजको हाम्रो सामाजिक परिवेशसँग धेरै मिल्छ । यहाँ सेलिब्रिटी पुरुष, घरबाहिर भलाद्मी र सौम्य देखिने पुरुष, सत्ता र शक्तिसँग जोडिएका पुरुषहरूले गरेका जतिसुकै नराम्रा काम र अपराध भए पनि लुकाउन खोजिन्छ । र, त्यो लुकाउने काममा पुरुषसत्तात्मक सोचले ग्रसित महिलाहरू समेत अगाडि सर्छन् । शायद त्यही कारणले पीडित महिलाहरू आजित भएर अपराध गर्न समेत पछि पर्दैनन् । अहिले भौतिक र मानसिक हिंसा मात्रै होइन, डिजिटल हिंसाले विकराल रूप लिंदैछ । यसमा पनि अझै प्रताडित किशोरी, महिला तथा यौनिक अल्पसंख्यक हुँदै आएका छन् ।

कुनै समय अमेरिकाका भूतपूर्व राष्ट्रपति बिल क्लिन्टनको चामत्कारिक व्यक्तित्व देखेर प्रभावित नहुने व्यक्ति कमै थिए होलान् ! त्यस्तै प्रभावको फाइदा क्लिन्टनले युवतीहरूमाथि यौन दुर्व्यवहार गरेर उठाए । त्यतिबेलाको (र, अहिलेको पनि) समाज कस्तो थियो र छ भने, त्यति ठूलो पदमा बसेको व्यक्तिले ह्वाइट हाउसमा 'इन्टर्न' गर्न गएकी २२ वर्षकी युवती मोनिका लेविन्स्कीलाई यौन दुर्व्यवहार गरे । तर, त्यो समाजका अधिकांश सदस्यले शक्ति र पहुँचसँग जोरी खोज्न नसक्ने युवतीलाई नै दोषी ठहर गरायो र अझै पनि त्यस्तो केसमा त्यस्तै हुन्छ । सोही केससँग सम्बन्धित कुरालाई लिएर बिल क्लिन्टन अमेरिकी राष्ट्रपतिको इतिहासमा महाभियोग लाग्ने दोस्रो राष्ट्रपति बने । तर, त्यो महाभियोग उनले मोनिकाको यौनशोषण गरेको कारणले नभई, उक्त सन्दर्भमा कानूनको शपथ लिएर पनि झुटो बोलेको र कानूनी प्रक्रियामा बाधा अड्चन गरेको कारणले थियो ।

त्यसपछिका दिनहरूमा मोनिकाको जीवन टेलिभिजनका समाचार, पापाराजी र पत्रकारहरूले तहसनहस नै पारिदिए । त्यसको जवाफदेहिता कसैले लिएन । सामाजिक सञ्जालका नियमहरू बन्नुभन्दा धेरै अगाडि, कसैलाई सार्वजनिक रूपमा हतोत्साहित गरिने व्यवहारलाई 'साइबर बुलिङ' को नामकरण गर्नुअगाडि नै मोनिकालाई टेलिभिजनका कार्यक्रमहरूमा मजाकको पात्र बनाइयो । उनीमाथि अपमानजनक भाष्य निर्माण गरियो । ती २२ वर्षीया किशोरीलाई दुर्व्यवहार गर्ने व्यक्ति अझै पनि विश्वभर सम्मानित नै रहिरहे । सन् २०२४ अप्रिल १० मा नेटफ्लिक्समा रिलिज गरिएको, 'मोनिका लेवेन्स्की: द अनटोल्ड स्टोरी' हेर्ने मानिसले बिल क्लिन्टनलाई सम्मान दिन सक्लान् भन्ने कुरामा शङ्कै लाग्छ ।

अहिले पनि जतिसुकै चेतनशील व्यक्ति हुन् वा पितृसत्तात्मक सोचबाट ग्रसित महिला नै किन नहुन्, महिलामाथिको यौन अपराधका कुरा आउनेबित्तिकै पहिलो चरणमा महिलालाई नै दोष लगाइहाल्छन् । समाजले सजिलै के सोच्छ भने, 'पुरुषले गरेको हरेक खालको दुर्व्यवहारको दोषी महिलाहरू नै हुन् ।' विश्वका धेरै देशहरूमा जब-जब किशोरी या महिलामाथि हिंसा हुन्छ, तब-तब पहिलो औंला महिलाहरूमाथि नै ठडिन्छ । उनीहरू मारिए भने मात्रै अलिकति सहानुभूति पीडितमाथि हुन जालाह नभए त आफूमाथि भएको अन्याय र अत्याचारको विरुद्धमा अर्को लडाइँ लड्न तयार हुनुपर्दछ ।

एकातिर यो सोच र व्यवहार विरुद्धको संघर्ष चलिनैरहेको छ भने अर्कोतिर महिला तथा यौनिक अल्पसंख्यकमाथि हुने डिजिटल हिंसाले हद पार गरिसकेको छ । यसलाई रोक्न न त राज्यका पदाधिकारी तात्छन्, न त जनप्रतिनिधि भएर चुनिएका व्यक्तिहरू नै! उनीहरू त्यतिबेला मात्रै तात्छन् जब उनीहरूका मालिकसँग जोडिएका सन्दर्भ अगाडि आउँछन् । त्यसको उदाहरण, भर्खरै एमालेका सचिव एवं प्रतिनिधिसभा सदस्य पद्माकुमारी अर्याल, केन्द्रीय सदस्य एवं राष्ट्रिय सभा सदस्य रामकुमारी झाँक्री सहित १८ महिला सांसदले भोटाहिटीस्थित नेपाल प्रहरीको साइबर ब्युरोमा पछिल्लो समय किशोरीहरूमाथि भएका साइबर बुलिङका विषयमा उजुरी दिएको समाचार पढ्न पाउँदा खुसी लाग्यो । जुन कुरा धेरै अगाडि हुनुपर्थ्यो ।

तर, उहाँहरूलाई आफ्नो पार्टीको अध्यक्षसँग जोडेर एक युवतीको चरित्र हत्या गरिएपछि मात्रै त्यो ज्ञान फुरेछ । होइन भने एमालेका कार्यकर्ताहरूले महिलाहरूलाई गरेको साइबर बुलिङ र ह्यारेसमेन्टको उदाहरण त यो पङ्क्तिकार आफैं पनि हुँ । अझ उजुरी दिन जाने व्यक्तिमध्येकै एक, हाल नेकपा (एमाले) की केन्द्रीय सदस्य तथा राष्ट्रिय सभा सदस्य रामकुमारी झाँक्रीले २०७७ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि तत्कालीन राष्ट्रपति विद्या भण्डारी विरुद्ध दिएको विवादास्पद अभिव्यक्ति (राष्ट्रपतिलाई शीतलनिवास छाडेर बालकोट जानू भन्नुका साथै अन्य व्यक्तिगत टिप्पणी) ले तत्कालीन राष्ट्रपतिमाथि भएको साइबर बुलिङ र हिंसा कतिले बिर्सिए होलान् कुन्नि!

अझ त्योभन्दा पनि एक कदम अगाडि सरेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पक्षका नेता महेश बस्नेतको अग्रसरतामा २०७७ सालमा नेकपा एमालेको 'साइबर सेना' घोषणा गरिएको थियो । जसको उद्देश्य 'पार्टी र नेता विरुद्ध हुने भ्रमको खण्डन गर्ने' भनिए तापनि सामाजिक सञ्जालमा महिलाहरूमाथि मात्रै होइन, सम्बन्धित पार्टीको विचारधाराभन्दा फरक मत राख्ने जो-कोहीलाई सामूहिक 'डिजिटल आक्रमण' र ट्रोल गर्न पछि पर्दैनथे । ओलीले त २०७५ मा आफू प्रधानमन्त्री हुँदा सरकारको विरुद्ध बोल्ने र लेख्नेमाथि 'अरिङ्गाल झैं जाइलाग्नु' भन्ने निर्देशन नै दिएको जगजाहेर छ ।

माथि उल्लिखित घटनाहरू प्रतिनिधि उदाहरण मात्रै हुन् । नेपालमा अहिले महिलाहरूमाथि हुने डिजिटल हिंसामा हरेक राजनीतिक दलका सदस्यहरूदेखि लिएर समाजमा स्वघोषित सम्मानित व्यक्तिहरू समेत खुलेआम लागेका छन् । पछिल्लो सरकारी तथ्याङ्क (आर्थिक वर्ष २०८०/८१ र २०८१/८२) मा नेपाल प्रहरीका अनुसार साइबर अपराधका घटनामा उल्लेख्य वृद्धि भएको छ, जसमा महिलाहरू मुख्य निशानामा छन् ।

२०८०/८१ को कुल उजुरीमध्ये साइबर अपराधका उजुरी १९ हजार ७३० थियोह जुन अघिल्लो वर्षको तुलनामा १९९ प्रतिशतले बढी हो । तीमध्ये महिला र बालिकाले दर्ता गर एका उजुरी संख्या ४५ देखि ५० प्रतिशत र हेको छ । राजनीति, पत्रकारिता र सामाजिक जीवनमा सक्रिय रहेका महिलाहरूमाथि सामाजिक सञ्जालमा गरिने सङ्गठित साइबर आक्रमणमा परेर कतिपय महिलाहरूको मानसिक स्वास्थ्यमा असर परेको आफ्नै आँखाले देखिएको छ ।

त्यसरी गरिने हिंसा केही डिजिटल साक्षरताको कमीले हुन्छ भने कतिपय महिलाहरू सामाजिक प्रतिष्ठा र परिवारको डरले हिंसा सहन बाध्य हुन्छन् र उजुरी समेत नगरी बस्छन् । उजुरी गर्न जानेहरूलाई पनि सम्बन्धित निकायले मद्दत गर्नुको सट्टा यो प्रमाण पुगेन र त्यो पुगेन भनेर हतोत्साही गराउने गरिन्छ ।

अर्को कुरा, नेपालमा अझै पनि विद्युतीय कारोबार ऐन (२०६३) कै भरमा साइबर अपराध हेरिन्छ, जुन वर्तमान समस्या समाधान गर्न पर्याप्त छैन ।

पछिल्ला वर्षहरूमा प्राय: सबै राजनीतिक दलहरूले, अझ सत्ता पक्षमा भएकाहरूले गर्ने 'डिजिटल लिन्चिङ' (सङ्गठित रूपमा गालीगलौज गर्ने कार्य) ले स्वतन्त्र विचार राख्ने मानिसहरूलाई निरुत्साहित गरिरहेको छ । सामाजिक सञ्जालमा अश्लील टिप्पणी र गालीगलौज बढ्दो छ । चरित्र हत्या जस्ता साइबर अपराधलाई राजनीतिक दलहरूले कतै स्थापित त गराउन खोजेका होइनन् भन्ने भान हुन्छ । अहिले रास्वपाको सरकार छह उसले गरेका कामकारबाही चित्त बुझेन भनेर केही लेख्नु पहिले नै गालीगलौज सुन्न सक्छु भनेर तम्तयार नभइकन नलेख्दा नै हुन्छ । यस्तो काममा नेपाली कांग्रेसका समर्थकहरू पनि कम छैनन् ।

हालको नेकपा (माओवादी केन्द्र), पहिले ज्यानकै धम्की दिन पछि पर्दैनथे भने अहिले डिजिटल लिन्चिङमा उत्रिन उनीहरूलाई कुनै ठूलो काम नै लाग्दैन । यसका लागि सरकारले डिजिटल हिंसा रोक्ने कानून बनाउन तत्काल ध्यान नदिने हो भने स्थिति अझै बिग्रन सक्छ यसको परिणाम स्वतन्त्र विचार हराउँदै जान्छ र राज्यलाई तानाशाहीतर्फ उन्मुख गराउँछ । डिजिटल हिंसा महिला वा बालिकाको मात्रै समस्या होइनह मनोरोगी समाजको प्रतिनिधि अनुहार हो ।

*(साभार: अनलाइनखबर)*

# ३६ घण्टामा सत्ता परिवर्तन: डिजिटल स्वतन्त्रता र नयाँ पुस्ताको शक्ति

✍ सुनील महर्जन

केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले सामाजिक सञ्जाल बन्द गरेपछि २०८२ साल भदौं २३ गते सोमबार शुरू भएको जेनरेसन जेड (जेन्जी पुस्ता) आन्दोलनले २७ घण्टाभित्रै सत्तापलटको भएको थियो । विश्वकै इतिहासमा ३६ घण्टा सत्तापलट भएको इतिहासै विरलै रहेको छ । यस घटनाको सेरोफेरो र निर्वाचनसम्ममा डिजिटल स्वतन्त्रता, नागरिक सक्रियता विशेषत: युवापुस्ताको सक्रियता र सुशासनको चेतनाको हिसाबले इतिहासमा सधैं सम्झिरहने छ ।

जेनजी विद्रोहको महत्वपूर्ण र मुख्य सन्दर्भ डिजिटल स्वतन्त्रतासँग जोडिएको छ । विश्वभर २७ वर्षभन्दा कम उमेरका युवापुस्ताले सामाजिक सञ्जालको प्रयोग गर्दै भ्रष्टाचार, आर्थिक असमानता, अलोकतान्त्रिक शासन, महँगी तथा शासकीय बेथितिविरुद्ध आन्दोलन गर्दै आएको छ । तत्कालीन सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णयलाई यही विश्वको पृष्ठभूमीसँग जोडेर जेन्जी पुस्ताले प्रदर्शन गरेको थियो । युवापुस्ताले सामाजिक सञ्जालको माध्यमबाट आन्दोलनमा युवापुस्ता परिचालन गरेका थिए ।

सरकारले दर्ता हुन नआएको भन्दै भदौ १८ गते बिहीबार राति सामाजिक सञ्जाल बन्द गरेको थियो । आम सर्वसाधारणको सहज पहुँचमा रहेको प्लेटफर्मका रूपमा रहेको सञ्जाल बन्द गर्ने निर्णय गरेको थियो । सो कार्यबाट संविधान प्रदत्त विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि हठात प्रहार गरेको धारणा जनस्तरमा बलियो हुँदै गएको थियो । सामाजिक सञ्जाल बन्द भएपछि सञ्चारमा कठिनाईसँगै अनलाईनबाट चल्ने व्यवसायहरु ठप्प भएको थियो भनेको जसको मार बढी भन्दा बढी श्रमिकहरु परेका थिए ।

त्यसमाथि सूचना पाउने र सञ्चारको सम्बन्ध एक किसिमले टुटेको छ । सामाजिक सञ्जाल आम नागरिकको जीवनशैली, व्यवसाय, सञ्चारको अभिन्न अंग बनिसकेकाले त्यसलाई बन्द गर्नु भनेको हत्केलाले सूर्यको किरण छेक्नु सरह रहेको तर्क गर्दै जेनजी पुस्ताले माइतीघर मण्डलामा प्रदर्शन गरेका थिए । यसलाई सत्ताको मनोमानीविरुद्ध जेनजीको विद्रोहका रूपमा लिँदै भ्रष्टाचार, बेथिति र अनियमितता विरुद्ध नयाँ संघर्षका रूपमा चित्रण गरेका थिए ।

राइड सेयरिङ प्ल्याटफर्म पठाओका संस्थापक सीईओ असिममान सिंहले २०८४ सालसम्म कुर्ने होइन परिवर्तनका लागि भन्दै प्रदर्शनमा आह्वान गरे अनुसार परिस्थिति बन्यो । युवापुस्ताको विद्रोह, राज्यको बर्बर दमन र त्यसबाट निधन हुनेको संख्या, जनताको आक्रोश र आन्दोलनको व्यापकता, राज्य संयन्त्रलाई पारेको चुनौती र शासकहरुको बहिर्गमन, राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता, लगायतको तस्वीर लाई एकै ठाउँमा राखेर हेर्दा समग्रमा जेनजीको विद्रोह इतिहासमै विरलै हुने घटना हुन् ।

प्रदर्शनका क्रममा बानेश्वरमा भएको प्रहरी दमनमा परी शुरूमा १९ र पछि ३ जना गरी २२ जानको ज्यान गएको थियो । र, त्यसको प्रतिक्रिया स्वरूप भोलिपल्ट फैलिएको व्यापक विध्वंशको बीचमै जम्मा ७६ जनाको ज्यान गएको थियो । यसले गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले नचाहँदा नचाहँदै राजीनामा दिनुपरेको थियो । नेपालका इतिहासमा अनेकपटक सत्तापलटहरू भए पनि यसरी सम्पूर्ण राज्य संयन्त्रमाथि कसैले कब्जा जमाएको यो नै पहिलोपटक हो ।

२७ घण्टाको छोटो समयमा सत्ता परिवर्तन भए पनि यस विद्रोहका केही ठोस राजनीति, सामाजिक र आर्थिक पृष्ठभूमि छन् । संविधानसभाबाट संविधान जारी भएयताको दश वर्षमा सात वटा सरकार परिवर्तन भएका थिए । तीनमा कांग्रेस, एमाले र माओवादीका प्रमुख नेताहरु दोहोऱ्याएर, तेहोऱ्याएर म्युजिकल चेयर खेलझैं सत्ताको कुर्सीमा विराजमान भएका थिए । उनीहरू थुप्रै भ्रष्टाचार काण्डमा संलग्न रहेको आशंका गरिएको थियो । उनीहरूको परिवार र आसेपासेहरूको विलाशी जीवन र सत्तामा एकाधिकार तथा बढ्दो अहंकारबाट युवाहरू आक्रोशित बन्दै गएका थिए ।

देशको अर्थतन्त्र लामो समयदेखि अल्पविकास, बेरोजगारी, परनिर्भरता, असमानताको दुश्चक्रमा जकडिएर बसेको थियो । युवाहरू वर्षेनी ७/८ लाखको दरले रोजगारी र शिक्षाका निम्ति विदेशिन बाध्य भइरहेका थिए । उनीहरूले पठाएको रेमिट्यान्स र जनताको नाउँमा आएको वैदेशिक ऋण तथा जनताले पेट काटेर तिरेको करमाथि सत्तासीन र तिनका आसेपासे र बिचौलियाहरूले मोजमस्ती गरिरहेको आम धारणा बन्दै गइरहेको थियो । बेरोजगारी, गरिबी र सामाजिक असमानताले हरेक दिन नयाँ पुस्तालाई निराश पार्दै विदेशतर्फ धकेलिरहेको थियो । व्यवस्था परिवर्तन भएन पनि आम मानिसले अपेक्षा गरेका अनुसार मुलुक परिवर्तन गतिमा थिएन ।

नेपालले विगत तीन दशकमा दुई ठूला जनआन्दोलन मार्फत राजनीतिक परि वर्तनका ऐतिहासिक अध्यायहरू लेखेको थियो । तर, राजनीतिक परिवर्तनको तुलनामा सामाजिक, आर्थिक परिवर्तनको अपेक्षाकृत मात्रामा परिवर्तन भएन । त्यस क्रममा दोस्रो जनआन्दोलनपछिको परिवर्तनले देखाएको नयाँ र समावेशी नेपालको सपना आजसम्म अधुरै रहेको छ । प्रणाली परिवर्तन भए पनि प्रवृत्तिहरू पुरानै रहेरु । भ्रष्टाचार, नातावाद, कृपावाद र राजनीतिक संस्थाहरूको विघटनले मुलुकलाई दीर्घकालीन अस्थिरताको गतिमा थियो । ठूलो ठूलो आन्दोलन भएपछि शासन गर्ने पात्र उही, प्रवृति उहीले गर्दा जनता वाक्कदिक्क भएको थियो । यहीबीचमा जेनजी आन्दोलन वनमा डढेझैं फैलिएको थियो । यो जनआन्दोलन नेपालको पुरानो अवस्थाप्रतिको अस्वीकार थियो । समयक्रम अनुरूप भौतिक पूर्वाधार परिवर्तन भए पनि त्यो मानिसको अपेक्षाको तुलनामा कम थियो । गति सुस्त थियो, दिशा स्पष्ट थिएन ।

आन्दोलनकारीको चर्किंदो दबाब, नेपाली सेनाको सहजीकरणमा अन्तरिम सरकार गठन भएको थियो । नेपालकै पहिलो महिला प्रधानमन्त्री सुशीला कार्की नेतृत्वमा गठित अन्तरिम सरकारको सिफारिसमा संसद् विघटन गरिएको थियो । यही विद्रोह भएको पृष्ठभूमीकै बीचमा मुलुकको राजनीतिक निर्वाचनतर्फ अघि बढेको थियो । कानुनी र राजनीतिक शून्यता, सुरक्षा संवेदशीलता अवस्थाबाट क्रमश: निर्वाचनको वातावरण बन्दै गएको थियो । शुरूका दिनमा निर्वाचन चुनौतीपूर्ण थियो ।

निर्वाचन हुने र नहुने आशंकाबीच राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनको माहौल बनाउन दलहरुसँग संवाद शुरूरू गर्नुभएको थियो । पछि सरकारले पनि यसलाई निरन्तरता दिएपछि मुलुक क्रमश: निर्वाचनको माहोल बन्दै गएको थियो । सरकार र जेनजीबीचको निरन्तर संवादले हुँदै गएको थियो । यसपछि मुलुक क्रमश: अपेक्षित दिशामा अघि बढेको थियो । निर्वाचनको आयोगको द्रुत तयारीले अन्तत: तोकिएको मितिमै फागुन २१ गते बिहीबार निर्वाचन सम्पन्न भयो । एक थोपा रगत नबग्ने गरी निर्वाचन भएको हिसाबले यो निर्वाचन उल्लेखनीय रहेको छ । शान्ति सुरक्षाको प्रबन्ध उल्लेखनीय थियो ।

यो निर्वाचन निर्वाचन सार्वजनिक विमर्शमा सुन्दै र सुनाउंदै आएको हजारौं तर्कहरुलाई काट्ने एउटा महत्वपूर्ण तथ्य बनेको छ । अहिलेको मिश्रित निर्वाचन प्रणाली (प्रत्यक्ष तथा समानुपातिक) को माध्यमबाट बहुमत आउन सक्दैन भन्ने दलका नेताहरु, नागरिक समाज, आम बुद्धिजीवी, सञ्चारजगतले बनाउँदै आएको भाष्यलाई यस निर्वाचन तोडेको छ । हामीले बुझ्ने, सोच्ने तरिका, कल्पनाको दायरालाई समेत भत्काउँदै रास्वपाले निर्वाचनमा बहुमत मात्र नभई झन्डै दुईतिहाइ बहुमत नै ल्याएको थियो ।

लामो समयदेखि निर्वाचनमा पाएको मत प्रतिशतलाई आधार बनाएर शासनसत्ता चलाउँदै आएका दलका नेताहरुले नेपालमा कर्मचारीतन्त्र, शिक्षक पत्रकारदेखि सुदूर गाउँको उपभोक्ता समितिमा समेत पकड राख्दै आएको दुई/तीन वटा दलले बाहेक नयाँ राजनीतिक दलले जनाधार कायम गर्न सक्दैन भन्ने भाष्यलाई पनि यसै चुनाव गलत सावित गरिदिएको छ । साढे तीन वर्षअघि स्थापित रास्वपा अहिलेको सबैभन्दा ठूलो दल बनेको छ । अहिलेसम्म सार्वजनिक विमर्शमा बुझ्दै आएको र बुझाउँदै आएको मान्यतालाई निर्वाचनको माध्यमबाट जनताले अभिव्यक्ति गरेको मतले गलत साबित गरिएका छन् ।

यसले सार्वनजिक बहस, विमर्शको सीमिततासँगै सामाजिक, राजनीतिक क्षेत्रमा आइरहेको परिवर्तनको प्रवाहलाई बुझ्न नसकेको देखाउँदछ । जसरी भाषाको विकासले व्याकरणका नियमलाई पनि परिमार्जन गर्दछ, त्यसै गरी परिस्थितिमा आएको बदलावले हाम्रा तर्कहरुमा पनि परि मार्जन गरिदिन्छ । यसको आलोकमा हाम्रा मान्यता, सोचाइलाई बदलिँदो परिस्थितिको चाप सुन्न सक्ने, ठम्याउने सक्ने गरी परिमार्जनको आवश्यकता पनि देखाएको छ । नेपालमा अहिले सम्म सूर्यबहादुर थापापछि कान्छो व्यक्ति बालेन्द्र (बालेन) साह प्रधानमन्त्रीमा आसीन हुनुहुन्छ । साह मधेसी समुदायबाट प्रधानमन्त्री बन्ने पहिलो व्यक्ति हुनुहुन्छ । २०८२ सालभित्र भएका यी घटनाहरु जेनजी पुस्ताको सक्रियता, डिजिटल प्लेटफर्मको प्रयोग र नागरिक आन्दोलनले भ्रष्टाचार, असमानता र अलोकतान्त्रिक शासनका विरुद्ध निर्णायक भूमिका खेल्न सक्छ भन्नेको ज्वलन्त उदाहरण हुन् । त्यतिमात्र नभई संसद्मा युवापुस्ताको सहभागिता बढेको छ । विशेष गरी, ४० वर्षभन्दा कम उमेरका सदस्यहरूको अत्यधिक प्रतिनिधित्व रहेको छ । मन्त्रिपरिषद्मा पनि युवापुस्ताको संख्या अत्यधिक रहेको छ ।

यो आन्दोलनले डिजिटल प्लेटफर्म केवल मनोरञ्जन वा सञ्चारको साधन मात्र नभई यो नागरिक आवाज र लोकतान्त्रिक दबाबको बलियो उपकरण रहेको सन्देश दिएको छ । सामाजिक सञ्जालको माध्यमबाट सानो समयमा ठूलो राजनीतिक प्रभाव पार्न सक्छ भन्ने घटनाको उदाहरणको रूपमा २०८२ साललाई लिन सकिन्छ । यसले युवाको सक्रिय सहभागिता उनीहरुको संगठन क्षमता र डिजिटल रणनीतिलाई पनि स्पष्ट गराएको छ । भ्रष्टाचार, आर्थिक असमानता र अलोकतान्त्रिक शासनविरुद्ध जनताको आक्रोशले सशक्त आन्दोलन जन्माउँछ भन्ने यसले देखाएको छ । यी कारणहरुले २०८२ साल केवल राजनीतिक परिवर्तनको वर्ष मात्र नभई, युवापुस्ताको सक्रिय सहभागिता, डिजिटल स्वतन्त्रता र लोकतन्त्रको सुदृढीकरणको प्रतीक वर्षका रूपमा इतिहासमा अंकित गराइरहने छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# छात्रवृत्ति विवरण सार्वजनिक गर्न मन्त्रालयको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी तथा सार्वजनिक विद्यालयलाई नियम बमोजिम प्रदान गरिएका छात्रवृत्ति विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले सोमबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावली बमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिए बमोजिम १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे नगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोध गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा उल्लेख भएअनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिएबमोजिमका विद्यार्थीलाई नि:शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।

शिक्षा नियमावली, २०५९ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संखयाको कम्तिमा १० प्रतिशतमा नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुरुप सम्पूर्ण विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारित विधिबाट छनोट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली तत्काल अध्यावधिक गर्न मन्त्रालयले आग्रह गरेको हो ।

छात्रवृत्ति प्राप्त गर्नेविद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देखने सुनिश्चित हुने गरी विद्यालयले सार्वजनिक गर्ने तथा विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयलाई तत्काल अद्यावधिक गर्न लगाउन आग्रह गरिएको छ । नियमानुसार छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुनबमोजिम आवश्यक कारबाही गर्न सम्पूर्ण स्थानीय तहलाई समन्वय एवं सहजीकरणका लागि अनुरोध गरेको छ ।

# शुभकामना आदानप्रदान सहित भित्तेपात्रो विमोचन



साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ मकवानपुर उद्योग वाणिज्य संघले सोमबार शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन गरेको छ ।

संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षतामा कार्यक्रम भएको हो । नयाँवर्ष २०८३ को पूवसन्ध्यामा आयोजित कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष कृष्ण कुमार गुप्ता, कोषाध्यष रुद्रबहादुर केसी, मकवानपुर अटो मेकानिक एण्ड ईन्जिनियरिङ एशोसिएशनका अध्यक्ष आनन्दराम पौडेल, संघका पदाधिकारी तथा सदस्यको उपस्थिति रहेको थियो ।

कार्यक्रममा उपस्थित अतिथि तथा संघका पदाधिकारीले संयुक्तरुपमा वि.सं. २०८३ सालको भित्तेपात्रो विमोचन गरेको थिए । कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष रानाभाटले सबैको सुख, शान्ति र उत्तरोत्तर प्रगतिको कामना गरे । कार्यक्रममा सहभागीले नयाँवर्षको अवसरमा शुभकामना व्यक्त गरेका थिए ।

विकासको पूर्वाधार उद्योग र व्यापार

नयाँ वर्ष २०८३ सालको सुखद् उपलक्ष्यमा उद्योगी/व्यवसायी, शुभचिन्तक तथा सम्पूर्णमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रमोदसिंह रानाभाट (अध्यक्ष) एवम्

मकवानपुर उद्योग वाणिज्य संघ, परिवार

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समितिका पदाधिकारी, कर्मचारी एवम् सहकारीकर्मीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साइराम बचत तथा ऋण सहकारी संस्था लि., परिवार

हेटौंडा-२, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समितिका पदाधिकारी, कर्मचारी एवम् सहकारीकर्मीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवयुवा बचत तथा ऋण सहकारी संस्था लि., परिवार

हेटौंडा-११, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समितिका पदाधिकारी, कर्मचारी एवम् सहकारीकर्मीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मकवानपुर जिल्ला सहकारी संघ लि., परिवार

हेटौंडा-१, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निर्मल मा.वि., परिवार

हेटौंडा-१९, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण निर्माण व्यवसायी, पदाधिकारी, सदस्य, सहयोगी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निर्माण व्यवसायी संघ, परिवार

हेटौंडा-४, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवोदय शिशु सदन इङ्लिस बोर्डिङ स्कूल, परिवार

हेटौंडा-४, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जी.एस. निकेतन, परिवार

हेटौंडा-५, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री भुटनदेवी माध्यमिक विद्यालय, परिवार

हेटौंडा-४, मकवानपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को अवसरमा सम्पूर्ण सुमो व्यवसायी, कर्मचारी, यात्रुवर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हाम्रो सुमो सेवा-१/मकवानपुर साझा यातायात प्रा.लि., परिवार

हेटौंडा, मकवानपुर







के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com



## जुनियर खेलाडीको ग्रेडिङ सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/रचना तेक्वान्दो डोजाङ अन्तर्गतका जुनियर खेलाडीको ग्रेडिङ सफलतापूर्वक सम्पन्न भएको छ ।

सोमबार हेटौंडा-६ रामनगरस्थित बालजागृति युवावर्ष माध्यमिक विद्यालयको खेलमैदानमा आयोजना गरिएको ग्रेडिङ कार्यक्रममा हेटौंडा-१६ सिफाली तेक्वान्दो डोजाङमा प्रशिक्षण लिइरहेका खेलाडी सहभागी भएका थिए । ग्रेडिङ सेतो पेटीदेखि रातो-ब्लू बेल्टसम्मका खेलाडीका लागि सञ्चालन गरिएको थियो । कार्यक्रममा १८ जना जुनियर खेलाडीले आफ्नो दक्षता र सीप प्रदर्शन गर्दै प्रमोशनका लागि प्रतिस्पर्धा गरेका थिए । ग्रेडिङमा उत्कृष्ट खेलाडीकारुपमा सान्दवी गिरी घोषित भइन् भने अनुशासित र नियमित उपस्थितिका आधारमा आसमान थापालाई पुरस्कृत गरिएको थियो । समाजसेवी कृष्णप्रसाद दुलालको प्रमुखआतिथ्यता रहेको कार्यक्रममा जिल्ला तेक्वान्दो संघका उपाध्यक्ष मानबहादुर वाइबा विशेष अतिथिकारुपमा उपस्थित रहेका थिए । प्रशिक्षक ईश्वर श्रेष्ठका अनुसार ग्रेडिङमा सहभागी खेलाडीको नतिजा छिट्टै सार्वजनिक गरिनेछ । स्थान अभावका कारण डोजाङले विद्यालयको खुलामैदानमै प्रशिक्षण सञ्चालन गरिरहेको जनाइएको छ ।

मकवानपुरका २२ सरकारी कार्यालयमा सतर्कता केन्द्रको अनुगमन

# अधिकांश सरकारी कार्यालयमा स्तनपान कक्ष छैन

साझाकुरा संवाददाता

हेटौंडा, ३० चैत/ मकवानपुरका अधिकांश सरकारी कार्यालयमा स्तनपान कक्ष नभएको पाइएको छ । राष्ट्रिय सर्तकता केन्द्रले २२ वटा सरकारी कार्यालयमा गरेको अनुगमनका क्रममा १९ वटा कार्यालयमा स्तनपान कक्ष नभएको पाइएको हो ।



सोमबार आयोजित सदाचार शिक्षा तथा सचेतनामूलक कार्यक्रममा केन्द्रकी उपसचिव शारदा चालिसेले अनुगमनबाट देखिएको वस्तुस्थिति प्रस्तुत गर्दै ३ वटा कार्यालयमा मात्रै स्तनपान कक्ष रहको जानकारी दिइन् । नागरिक वडापत्र १६ कार्यालयमा राखिएको छ भने उजुरीपेटिका १९ कार्यालयमा राखिएको पाइएको छ । १९ वटा कार्यालयमा सूचना पाटी राखिएको छ । हेल्पडेस्क १३ कार्यालयमा मात्र रहेको पाइएको छ । खानेपानीको व्यवस्था भने २१ कार्यालयमा उपलब्ध छ । महिला पुरुष शौचालय १९ कार्यालयमा रहेको छ । सरसफाइको अवस्था सन्तोषजनक पाइएको छ ।

सबै २२ वटै कार्यालयमा स्वचालित विवरण (अटोमेटिक डिस्क्लोजर) प्रणाली कार्यान्वयनमा रहेको पाइनुका साथै सबै कार्यालय बिचौलियामुक्त रहेको पनि केन्द्रले जनाएको छ । कर्मचारी व्यवस्थापनतर्फ कुल दरबन्दी ९ सय २९ रहेकामा ७ सय २१ कार्यरत रहेका छन् । अनुगमनका क्रममा ६४ जना कर्मचारी समयपालन नगर्ने र ५४ जना तोकिएको पोशाक नलगाउने भेटिएका छन् । सिट छड्के अनुगमन गर्दा प्रमुखको अनुमति लिएर फिल्डमा गएकाबाहेक अधिकांश कर्मचारी उपस्थित रहेको जानकारी दिइएको छ ।

सबै कार्यालय अनुगमनको दैनिक विवरण केन्द्रमा पठाइएको र सोही आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रतिवेदन गरिनेछ । अनियमितता देखिएमा कारबाही प्रक्रिया केन्द्रबाटै अघि बढाइने जनाइएको छ । सर्वेक्षणका क्रममा सहभागी तथा सेवाग्राहीले कर्मचारी समयमै नियमित उपस्थित हुनुपर्ने, सेवाग्राहीका लागि फोटोकोपी, खानेपानी, शौचालय तथा प्रतिक्षालयको उचित व्यवस्था गर्नुपर्ने, ढिलासुस्ती व्यवहारमा सुधार ल्याउनुपर्ने, कर्मचारी नम्र हुनुपर्ने तथा चिनेजानेकाको काम छिटो गर्ने र अन्यको ढिलो गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने सुझाव दिएका छन् । केन्द्रले बाल सुधारगृहको समेत अनुगमन गरेको छ ।

३० जनाको क्षमता रहेको गृहमा ९२ जना राखिएको पाइएको छ, जुन क्षमताभन्दा दुई सय प्रतिशत भन्दा बढी हो । त्यहाँ आपतकालीन सवारीसाधनको अभाव, स्थान अभाव तथा सरसफाइसम्बन्धी समस्या रहेको पनि औंल्याइएको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको अध्यक्षतमा भएको कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख ललित घलान, बागमती प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारी, पालिकाका प्रतिनिधि, जिल्लास्थित कार्यालयका प्रमुख लगायतको उपस्थिति थियो ।

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**अमर माध्यमिक विद्यालय, परिवार**
हेटौंडा-१, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**बाल जागृती इङ्लिस बोर्डिङ स्कूल, परिवार**
हेटौंडा-२, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, परिवार**
हेटौंडा-१०, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**ज्ञानोदय बालबाटिका एकेडेमी, परिवार**
हेटौंडा-२, संगमचोक, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
अवसरमा सम्पूर्ण कर्मचारी, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**हेटौंडा सिटी अस्पताल, परिवार**
हेटौंडा-१, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समितिका पदाधिकारी, कर्मचारी एवम् सहकारीकर्मीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजु वाईवा अध्यक्ष एवम् रिता पौडेल व्यवस्थापक
**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि., परिवार**
हेटौंडा-७, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समितिका पदाधिकारी, कर्मचारी एवम् सहकारीकर्मीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लक्ष्मीदेवी श्रेष्ठ (अध्यक्ष) एवम्
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार**
हेटौंडा-२, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समितिका पदाधिकारी, कर्मचारी एवम् सहकारीकर्मीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, परिवार**
हेटौंडा-१, मकवानपुर

हार्दिक शुभकामना
नयाँ वर्ष २०८३ को
अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावक वर्ग, नेपाली दाजुभाइ दिदीबहिनी, इष्टमित्र, आफन्तजन, शुभेच्छुक तथा शुभचिन्तकमा सुख, शान्ति, समृद्धि र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अनिल पाण्डे संचालक समिति अध्यक्ष | रमिता पाण्डे वि.व्य.स. अध्यक्ष | श्रीबहादुर कार्की प्रिन्सिपल
**हेटौंडा सिटी कलेज/जेनिथ इन्टरनेशनल मा.वि., परिवार**
हेटौंडा-५, पिप्ले, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना